| |
|---|
| उदाहरण १६.२.४८: मानौं, नेपाल अबकाश कोष, बिभागबाट स्वीकृत अबकाश कोष रहेछ । उक्त कोषको निक्षेप शुभ बैंक लि. मा रहेछ । अबकाश कोषको ब्याजमा आय कर नलाग्ने भएको हुंदा सो बैंकले उक्त कोषलाई भुक्तान गर्ने ब्याजमा भुक्तानीमा कर कट्टा गर्नु पर्दैन । |

कुनै भुक्तानी दफा ८७ वा ८८ अन्तर्गत पनि पर्ने र यो दफा अन्तर्गत पनि पर्ने देखिएमा दफा ८७ वा ८८ अन्तर्गतको भुक्तानीमा कर कट्टी गर्नु पर्ने दर लागु हुन्छ ।

### १६.२.९ कर कट्टी गरिनु पर्ने दर :

बसिन्दा ब्यक्तिले ऐनको ८७, ८८, ८८क र ८९, बमोजिम गरिनु पर्ने कर कट्टीका दर समष्टिगतमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

| आकर्षित हुने दफा | भुक्तानीमा कर कट्टी हुने भुक्तानी | भुक्तानीमा कर कट्टीको दर | अन्तिम हुने/नहुने |
|---|---|---|---|
| दफ ८७ (१) | रोजगारीको आय (पारिश्रमिक) | अनुसूची १ को दफा १ वा २ मा तोकिएको दरले | सामान्यतया: हुने |
| दफा ८८(१) | सामान्य ब्याज भुक्तानी | १५ प्रतिशत | नहुने |
| दफा ८८(१) | प्राकृतिक श्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन वा बिक्री वोनस आदी | १५ प्रतिशत | नहुने |
| दफा ८८(१) ९२(१)(ज) | वैठक भत्ता, पटके रुपमा गरिएको अध्यापन गराए बापतको भुक्तानी | १५ प्रतिशत | हुने |
| दफा ८८(१)(१) दफा ९२(१)(छ) | नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी बाट रु. ५,००,००० वा ५० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | ५ प्रतिशत | हुने (नियमित रुपमा भुक्तानी हुने पेन्सन बाहेक) |
| दफा ८८(१)(२) दफा ९२(१)(च) | वासिन्दा रोजगार कम्पनीले गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | ५ प्रतिशत | हुने |
| दफा ८८(१)(३) दफा ९२(१)(च) | वायुयानको लिज (पट्टा) वापतको रकम भुक्तानी | १० प्रतिशत | हुने |
| दफा ८८(१)(४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५ प्रतिशत | नहुने |
| दफा ८८(१)(५) दफा ९२(१)(ख) | प्राकृतिक ब्यक्तीको व्यवसायसंग सम्वन्धित नभएको घर जग्गा वहालमा लगाए वापतको भाडा र घरमा मौजुदा रहेका सजावटका सामानको एकमुष्ट भाडा | १० प्रतिशत | हुने |
| दफा ८८(१)(५) | नेपालमा स्रोत भएको भाडा अन्य | १० प्रतिशत | नहुने |
| दफा ८८(२)क दफा ९२(१)(क) | लाभांश | ५ प्रतिशत | हुने |
| दफा ८८(२)ख | लगानी वीमाको लाभ | ५ प्रतिशत | हुने |

| | | | |
|---|---|---|---|
| दफा ९२(१)(ग) | | | |
| दफा ८८(२)ग<br>दफा ९२(१)(घ) | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ प्रतिशत | हुने |
| दफा ८८(३)<br>दफा ९२(१)(ङ) | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्डको बापत भुक्तान गर्ने ब्याज | ५ प्रतिशत | हुने |
| दफा ८८(४)(क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय संचालनसंग सम्बन्धित भुक्तानी वा घर, जग्गा र सोसंग जडीत सामान तथा उपकरण भाडामा लिए बापत तिरेको भाडा बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वापत तथा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ग) | कर छूट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(घ) | क्रेडिट कार्ड जारी गर्ने वैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ङ) | नेपाल सरकार र विदेशी सरकार वा नेपाल सरकार पक्ष भएको अन्तराष्ट्रिय संस्था वीच भएको कुनै सम्झौता बमोजिम नेपाल सरकारले विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थालाई भुक्तान गरेको ब्याज वा शुल्क | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(च) | ग्रामीण समुदायमा आधारित लघू वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र ऐनको दफा ११(२) बमोजिम सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक दश हजार रुपैयाँसम्मको ब्याज भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८क | आकस्मिक लाभ | २५ प्रतिशत | हुने |